उपमेयर र वडा अध्यक्ष फकाउँदै मेयर साह

कारबाही गरेका संयोजकलाई पुनः जिम्मेवारी

प्रि-बजेट बैठक राख्ने तयारी

नेपाल समाचारपत्र, काठमाडौं

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहले करिब एक महिनाअघि संयोजकको जिम्मेवार खोसेका चार वडा अध्यक्षलाई फेरि सोही पदमा जिम्मेवारी दिएको पत्र पठाउनुभएको छ। मेयर साहले कार्यपालिकाको बैठकले गरेको निर्णय उल्ट्याउँदै आफैंले हस्ताक्षरसमेत गरी तीन समितिका संयोजकलाई हटाउनुभएको थियो।

जेठ १ गते संयोजक पदबाट हटाइएका चारैजना कार्यपालिका सदस्यलाई मेयर साहले सोही पदमा जिम्मेवारी दिनुभएको छ। स्रोतका अनुसार उपमेयर सुनिता डंगोल र वडाध्यक्षलाई फकाएर कार्यपालिका बस्ने वातावरण बनाउन चार जना संयोजकलाई पुरानै पदमा नियुक्ति गरिएको छ। मेयर साहले प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई कार्यपालिकाको बैठकमा उपस्थित नगराउन अनेक चाल बुनेको आरोप छ।

सोही चालबाजीअनुसार मेयर साहले कारबाही गरेका चारै जनालाई संयोजकको जिम्मा दिइएको हो। 'उहाँ अति चलाख हुनुहुन्छ। बजेट पास गराउन उपमेयर डंगोल र वडा अध्यक्षलाई फकाउँदै विभिन्न प्रलोभन दिइरहनुभएको छ।'

उच्च स्रोतले भन्यो- 'दिउँसो मेयर साह र उपमेयर डंगोलबीच भेट भएको थियो। भेटका क्रममा प्रिबजेट बोलाउने विषयमा छलफल भएको थियो।'

मेयर साहले बैठक सञ्चालन गर्नकै लागि आफूले कारबाही गरेका वडाध्यक्ष र उपमेयरलाई फकाउन शुरू गर्नुभएको छ। मेयर साह प्रमुख प्रशासकीयलाई बाइकट गरी स्रोत निर्धारण समिति, कार्यपालिका र नगरपरिषद्को बैठक राख्न चाहनुहुन्छ, उपमेयरलगायत टिम सदस्यसचिव एवं प्रमुख प्रशासकीय अधिकृत गुरागाईंको उपस्थिति नभई बैठक बस्नै नसक्ने अडानमा छन्।

साहले बिहीबार दिउँसो करिब १ बजे कार्यपालिकाअन्तर्गत ४ समितिका संयोजकलाई जिम्मेवारी दिनुभएको हो। कामपा नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४ को नियम १५ बमोजिम गठन भएको समितिका संयोजकलाई पूर्ववत् रूपमा संयोजकको जिम्मेवारी दिएको हो।

जिम्मेवारी पाउनेहरूमा सूचना प्रविधि समितिका संयोजक एवं प्रवक्ता नवीन मानन्धर, सुशासन समितिमा ख्यामराज तिवारी, सम्पदा तथा पर्यटन समितिमा आशामान संगत, विधायन समितिमा मचाराजा महर्जनलाई पूर्ववत् संयोजकको जिम्मेवारी दिएको हो।

वडा नम्बर १७ का अध्यक्ष नवीन मानन्धर, वडा नम्बर २६ का अध्यक्ष ख्यामराज तिवारी, वडा नम्बर ८ का अध्यक्ष आशामान संगत र वडा नम्बर २३ का अध्यक्ष मचाराजा महर्जन चारवटा समितिका संयोजकको जिम्मेवारी दिएको थियो। पत्रमा 'नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को नियम १५ को उपनियम १ र सोही नियमको उपनियम २ बमोजिम तपाईंलाई पूर्ववत् रूपमा संयोजक तोकिएको व्यहोरा जानकारीको लागि अनुरोध छ' भनिएको थियो। मेयर साहले कार्यपालिका बैठकको निर्णयविपरीत एकलौटी रूपमा समितिका संयोजकमाथि कारबाही गर्नुभएको थियो।

तीनजना संयोजकलाई हटाएपछि मेयर र वडाअध्यक्षबीच पूर्णरूपमा सम्बन्ध बिग्रिएको थियो। जेठ १ गते संयोजकलाई हटाएपछि सोही दिन सुशासन समितिमा दलबहादुर कार्की, सूचना प्रविधि समितिमा वीरेन्द्र प्रजापति र सम्पदा तथा पर्यटन समितिमा विनोद राजभण्डारीलाई संयोजकको जिम्मेवारी दिएको थियो। त्यसको केही दिनपछि तीनैजना वडाअध्यक्षले राजीनामा दिएका थिए।

'तोकिएको जिम्मेवारी कार्यपालिका बैठकबाट अनुमोदन नभएको अवस्था विद्यमान भएकाले उपयुक्त नदेखिएको हुँदा तोकिएको जिम्मेवारीमा नरहने ब्यहोरा उल्लेख गर्दै तीनैजना संयोजकले राजीनामा दिएका थिए।

यसअघि काठमाडौं महानगरपालिकको २०७९ असार १० गते बसेको चौथो कार्यपालिकाको बैठकले १२ विषयगत समिति बनाउने निर्णय गरेको थियो। प्रमुख प्रशासकीय अधिकृत लोकनाथ पौडलको सिफारिसपछि समिति गठन भएको थियो।

दैलेखको...

सामरिक, आर्थिक र रणनीतिक महत्व

जलजले खानीको विकाससँगै नेपालले इन्धनको क्षेत्रमै 'गेम चेन्जर' अवसर पाउने संकेत देखिएको छ। हालसम्म भारतबाट पूर्णरूपमा आयात हुने ग्यासको विकल्पस्वरूप घरेलु उत्पादनले नेपाललाई आर्थिक लाभ दिने होइन, क्षेत्रीय ऊर्जा रणनीतिमा पनि नेपाललाई स्वतन्त्र बनाउने सम्भावना देखिएको छ।

भू-राजनीतिक विश्लेषकहरूले नेपालमा ग्यास उत्पादन शुरू भएमा भारतले यसलाई चासोपूर्वक हेर्ने बताएका छन्। एकातिर भारतले क्षेत्रीय प्रभुत्व कायम राख्न खोजिरहेको बेला अर्कातिर चीनको प्रविधि र सहयोगमार्फत नेपालले ऊर्जा क्षेत्रमै आत्मनिर्भरतातर्फको ठूलो फड्को मारेको संकेत यो परियोजनाले दिएको छ।

खानी तथा भूगर्भ विभागका अनुसार जलजलेमा अबको चरण ग्यास प्रशोधन संयन्त्र स्थापनाका लागि पहल अघि बढेको छ। यसका लागि सम्भावित लगानीकर्ताको खोजीका लागि नेपाल सरकारले कूटनीतिक पहल शुरू गरेको छ।

नेपालले अब ग्यास निर्यात सम्भावनासमेत अध्ययन गर्नुपर्छ, विभागका एक उच्च अधिकारीले भने- 'नेपालजस्तो मुलुकका लागि यो ग्यासले केवल आर्थिक होइन, रणनीतिक सन्तुलन पनि ल्याउनेछ।' 'अब केही महिनाभित्र ग्यास उत्पादनको व्यावसायिक प्रक्रियामा नेपाल प्रवेश गर्ने सम्भावना प्रबल देखिएको छ। यदि, योजनाअनुसार सबै पूर्वाधार निर्माण र व्यवस्थापन समयमै सम्पन्न भयो भने जलजलेबाट ग्यास उत्पादन शुरू हुने दिन टाढा छैन' -विभागका ती अधिकारीले भने।

तत्कालीन...

यात्री निवासको मर्मतसम्भारको लागि मधेस प्रदेश सरकारबाट आ.व. २०७५/०७६ मा ९० लाख रुपियाँ प्राप्त भएकोमा सार्वजनिक खरिद ऐन/नियमावली पालना नगरी योजना सम्झौता गरिएको थियो। यसै गरी योजनाको कुल लागतको ५० प्रतिशत रकम अर्थात ४५ लाख रुपियाँ बलराम ठाकुरको सिफारिसमा उपभोक्ता समितिलाई चेकमार्फत निकासा गराई अनियमितता भएको थियो। सो क्रममा उपभोक्ता समिति अध्यक्ष विजयकुमार चौधरी र कोषाध्यक्ष बबिता देवी साहले सो रकमबाट बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का कम्प्युटर अधिकृत कृष्णमुरारी सिंहको नाममा १४ लाख ९९ हजार र सोही परिषद्का सवारी चालक विक्कीकुमार चौधरीको नाममा ४ लाख रुपियाँ भुक्तानी गराएको पाइएको थियो।

उक्त रकममध्ये कृष्णमुरारी सिंहमार्फत १२ लाख ५० हजार कार्यकारी निर्देशक ठाकुरकी श्रीमती इन्दुलेखाको नाममा खरिद गरिएको स्कारपियो गाडीको भुक्तानीबापत गाडी बिक्रेताको बैंक खातामा गैरकानुनी रूपमा रकम दाखिला गरिएको पाइएको थियो। सरकारबाट आ.व.२०७६।७७ मा यात्री निवासको सौन्दर्यीकरणमा १७ लाख र गेट निर्माणको लागि १० लाख रुपियाँ प्राप्त गरेकोमा दुई फरक योजनाको लागि एउटै उपभोक्ता समिति गठन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई काम गराउने कार्यविधिलगायतको कानुनी व्यवस्था रहेकोमा उक्त कानुनी व्यवस्थाको पालना नगरी अनियमितता गरिएको थियो।

यसै गरी इन्दुलेखाको नाममा खरिद गरिएको स्कारपियो गाडीको भुक्तानीबापत २ लाख दाखिला गरेको देखिँदा निज बलरामले अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी आफ्नो जिम्मामा रहेको सार्वजनिक संस्था/बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को हिनामिना भएको रकम मध्ये २४ लाख ५० हजार इन्दुलेखाकै नाममा खरिद भएको स्कारपियो गाडीको भुक्तानीबापत गाडी बिक्रीकर्ताको बैंक खातामा दाखिला गरी अनियमितता गरिएको अख्तियारले जनाएको छ।

यसै गरी तत्कालीन कार्यकारी निर्देशक ठाकुरले आ.व. २०७६।७७ देखि आ.व. २०७९।८० सम्म बा१३च २०३७ नं.को आफ्नो निजी स्कारपियो गाडीमा इन्धन र मोबिलबापत गैरकानुनी तवरबाट ९ लाख २६ हजार र आ.व. २०७६।७७ देखि आ.व. २०७७।०७८ सम्म उक्त गाडी मर्मतबापत गैरकानुनी तवरबाट ४ लाख २६ हजार र सो निजी स्कारपियो गाडी भाडामा लिएको देखाई गैरकानुनी तवरबाट ७ लाख २० हजार रुपियाँ भुक्तानी लिई अनियमितता गरेको अनुसन्धानबाट देखिएको अख्तियारले जनाएको छ।

आज...

फ्लाइओभरको संरचना निर्माणको काम सकिएपछि ८ जेठदेखि कालोपत्रको काम शुरू भएको थियो। ग्वार्को ओभरपासअन्तर्गत २० मिटर स्पानसहित ४ लेनको पुल निर्माण भएको छ। यसबाहेक ५ सय मिटर लामो अप्रोच सडक बनेको छ। जसमा बालकुमारी र सातदोबाटोबाट ग्याम बनाइएको छ। चक्रपथ सडकको बीचको चार लेन सडकलाई पर्खाल लगाएर माथि उठाई फ्लाइओभार बनाइएको हो।

ग्वार्को चोकमा बनेको पुल मुनिबाट मंगलबजार-इमाडोल जाने सवारीसाधन निर्वाध चल्न सक्ने गरी फ्लाइओभर बनाइएको छ। सो फ्लाइओभरको माथिबाट कोटेश्वर र ग्वार्को क्षेत्रको यातायात सञ्चालनमा सहजता आउने अपेक्षा गरिएको छ।

सबै...

विमानस्थलका प्रमुख अध्यागमन अधिकृत विष्णुप्रसाद कोइरालाले सेवाग्राहीले प्राप्त गरेको सेवाको अवस्थाबारे विश्लेषण गरी कमजोर विषय सुधार गर्ने र उत्कृष्टलाई कार्यान्वयन गर्न विद्युतीय सर्वेक्षण फारम भर्ने व्यवस्था गर्न लागेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'भिजिट भिसा प्रकरणपछि देखिएको अन्योलतालाई व्यवस्थित गर्दै चुस्त सेवा दिन फारम भर्ने व्यवस्था गर्न लागेका हौं।'

'कार्यालयले करिब २० वटा काउन्टरमा विद्युतीय सर्वेक्षण फारम भर्ने व्यवस्था गर्नेछ। सकेसम्म आज, नभए आइतबारसम्म सेवा आरम्भ गर्नेछौं' -उहाँले भन्नुभयो। विद्युतीय फारममा सेवा दिने व्यवस्था शुरू भएपछि सेवाग्राहीलाई कस्तो सुविधा दिएको छ भन्ने विषयमा विश्लेषण गरी त्यसलाई कार्यान्वयन गर्ने तयारी गरेको छ। विमानस्थल कार्यालय प्रमुख सहसचिव तीर्थ भट्टराई र केही कर्मचारीले भिजिट भिसामा सेटिङ गरी करोडौं रुपियाँ भ्रष्टाचार गरेको आरोप लागेपछि बदनाम बनेको अध्यागन कार्यालय सुधार गर्न नयाँ प्रविधि शुरू गरेको हो।

कार्यालयका अधिकृत कोइरालाले सुधारको पहिलो कदम विद्युतीय सर्वेक्षण फारम भएको बताउनुभयो। उहाँका अनुसार सेवाग्राहीलाई कुनै किसिमको गुनासो आउने वातावरण रोक्न र भित्र देखिएका अनियमितता नियन्त्रण गर्न सुधारको योजना अघि बढाएको हो। सोही आधारमा कार्यालयको पहिलो कदम विद्युतीय सर्वेक्षण फारम भएको उहाँको भनाइ थियो।

अख्तियारले अध्यागमन कार्यालयमा छापा मारेपछि कर्मचारी प्रशासन महाशाखाले अहिलेसम्म दुईपटक गरी ९ नायब सुब्बा, ४ कम्प्युटर अपरेटर र १ सहायक कम्प्युटर अपरेटरलाई तानेर अन्यत्र पठाएको छ। यसै गरी कार्यालयले वैदेशिक रोजगारीको सिलसिलामा वा भिजिट भिसामा ठगीमा परेमा वा पर्न लागेको शंका लागेमा नजिकको प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा प्रदेशमा रहेको श्रम तथा रोजगार कार्यालयहरूमा वा वैदेशिक रोजगार विभागमा तत्काल उजुरी गर्न आग्रह गरेको छ।

नबिल बैंक लिमिटेड अतरखेल शाखा, काठमाडौंको, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/१७)
(दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साावा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसाग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०१/२६ को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाकी साावा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५)** दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **अतरखेल शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

ऋणी हर्क बहादुर तामाङकी छोरी, जीत बहादुर तामाङकी बुहारी, राज कुमार तामाङकी श्रीमती, ललितपुर जिल्ला गोदावरी न.पा वडा नं १० बस्ने, ना.प्र.नं. २४३०१२/१७/७६१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. ललितपुर (जारी मितिः २०६३/११/२५) भएकी **अनिता तामाङ ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.चक्र बहादुर तामाङकी छोरी, विर बहादुर तामाङकी बुहारी, जीत बहादुर तामाङकी श्रीमती, ललितपुर जिल्ला चापागाउँ गाउँ पञ्चायत वडा नं ६ स्थायी घर भई हाल ललितपुर जिल्ला गोदावरी न.पा वडा नं ११ बस्ने, ना.प्र.नं. ५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. काठमाडौं (जारी मितिः २०४२/४/२) भएकी **दाल चिनी तामाङनी ।**

२.विर बहादुर तामाङको नाती, जीत बहादुर तामाङको छोरा, ललितपुर जिल्ला गोदावरी न.पा वडा नं ११ बस्ने, नागरिकता नं. ९००३९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ललितपुर मिति : बि.सं. २०५४/०९/१८ भएको **राज कुमार तामाङ ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
ललितपुर जिल्ला गोदावरी न.पा वडा नं. १० बस्ने, **अनिता तामाङ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला चापागाउँ गा.वि.स वडा नं ६, सिट नं ६क मा अवस्थित कि.नं. २४४ क्षेत्रफल ०-९-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **अतरखेल शाखा, काठमाडौं** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०३/२० गते १:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **अतरखेल शाखा, काठमाडौं** मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२२ गते ३:०० बजे बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **अतरखेल शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **अतरखेल शाखा, काठमाडौं** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Saudi मा रोजगार | **Amina Hatil Bin Rahq Al-anzi Tading Farm**

पुर्व स्वीकृती मितिः २०८२/३/४ | चलानी नं.: ६०२३९८०७ | LT No.: 325839

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Loading Unloading Labor	1	0	साधारण	1000	३६,९६५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने/ रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,३०८।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८२ असार १३ गते (27 June, 2025) यस प्रा. लि. को कार्यालय, सिनामंगल, काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जारीकृयकी जानकारी: १। आफ्नो नागमा बिमा दाबा भई जाने निश्चित भएपछि मात्र कागजातै गई दरबार बुझाउनु होला। २। बुझाएको दरबारको भरपर्दो अभिलेखमा लिइनुहोला। ३। आफ्ना काम गर्न जाने साथीहरुको सम्पर्क ईमाल र फोन नम्बरहरु साथमा राख्नुहोला। आफ्ना भतिजाहरु यहाँ सम्पर्क गर्न आउँदा हुन्छ। ४। यस विज्ञापन (सूचना) मा उल्लेख भएको कुरा कुनै कारणले अन्यथा भएमा कुनै पनि सम्पर्क, बाटाले खेर जाने खुराक, भाडा किसे भत्तामा, बाटाले खेर जाने, सुविधा र आफ्ना सामानहरु हराएमा सम्पर्कमा हुनुहुनेछ। सोको १ (एक) प्रति अगाडीनि राख्नुहोला। ५। भत्तामा विक्रेता लोग्ने सेवाको एकपटकको प्रयोग गर्नुहोला आयोग हाँसि सेवाको सुरुवाती हुनेछ। ६। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग माइकल काठमाडौंमा सम्पर्क राख्नुहोला।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. Govt. Lic. No.: 336/059/060
Sinamangal - 9, Kathmandu, Tel.: 4111286, 4111287

अरुण काबेली पावर लिमिटेड
ट्रेडटावर, थापाथली, काठमाडौं
फोन नं. ०१-५९१४१७६

शेयर धनिहरुको शेयर प्रमाणपत्र हराएको सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/०६ गते

यस अरुण काबेली पावर लिमिटेड शेयर रजिष्ट्रारको रुपमा कार्य गरि रहेको तपशिल बमोजिम बिवरण भएका शेयर धनिहरुको प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराई पाउ भनी निबेदन पेश गरेको हुँदा सो माथि कसैको हकदाबी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सहित अरुण काबेली पावर लिमिटेड, ट्रेड टावर थापाथलीमा सम्पर्क राख्नहुन अनुरोध गर्दछौं । साथै उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रकृया पुरा गरि निबेदनमा माग भएबमोजिम सम्बन्धित हितग्राही खातामा जम्मा गरिने ब्याहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद पछि तथा रितपुर्वक प्राप्त नभएको निबेदन उपर कुनै कारबाही हुने छैन ।

- **अरुण काबेली पावर लिमिटेड शेयर धनीहरुको प्रमाणपत्र हराएको सम्बन्धि बिवरण ।**

क्र. सं.	शेयरधनीको नाम	सटिफिगेट नं.	शेयरधनी नं.	कित्ता
१	बद्रिराज सुवेदी, सुभाङ -२, पाँचथर	४१०६	४१०६	१७
२	सुरज उप्रेती बारा, १ निजगढ	७३६	७३६	१०१३
३	जस्वीर पन्धाक, पाँचथर	९०७८	९०७८	१४
४	सिर्क बहादुर तामाङ, अमरपुर -४, पाँचथर	१०८३२	१०८३२	३९
५	योगेन्द्र कुमार शिगु, र्पचमी -१, पाँचथर	१५६२६	१५६२६	८४

वी.पी. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरान
आधिकारिक बिक्रेता यकिन सम्बन्धि सूचना

सुचना प्रकाशित मितिः २०८२/०३/०६

यस प्रतिष्ठानमा संचालनमा रहेका बिभिन्न उत्पादक कम्पनिहरूको मेशिन तथा उपकरणहरूमा प्रयोग हुने Spare parts, Accessories & Consumables तथा अन्य आवश्यक सामाग्रीहरू नियमित रूपमा आपूर्ति लिनुपर्ने भएकोले नेपाल स्थित उक्त कम्पनीहरूको आधिकारिक बिक्रेताहरूको बिवरण प्रतिष्ठानको वेवसाईटमा उल्लेख भए बाहेक अन्य कोही भए यो सुचना प्रकाशित मितिले ७ दिन भित्र आधिकारिकताको प्रमाणपत्र सहित प्रतिष्ठानमा निबेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । आधिकारिक बिक्रेता सम्बन्धि विस्तृत बिवरण तथा सुचना प्रतिष्ठानको वेबसाईट www.bpkihs.edu मा Procurement Notice बाट डाउनलोड गर्न वा हेर्नसकिने छ । साथै, कुनै उत्पादक कम्पनीको उपकरण प्रतिष्ठानमा प्रयोगमा रहेको र लिष्टमा संलग्न नरहेको भए सोको समेत आधिकारिक बिक्रेताको प्रमाणपत्र पेश गर्नहुन जानकारी गराइन्छ।

Gandaki Province Government
Ministry of Physical Infrastructure Development & Transport Management
Infrastructure Development Directorate
Infrastructure Development Office, Syangja

NOTICE OF INTENT OF ACCEPTANCE

Date of Publication: 2082-03-06 (2025-06-20)

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contracts below, that the following Lowest Evaluated Substantially Responsive Bidder is intended to award the Contract.

S. N.	Name of the Project	Contract ID	Lowest Evaluated Substantially Responsive Bidder	Bid Amount (Including VAT & PS) (NRs.)	Remarks
1	Ghurlechaur- Bahundanda-Chilaudi Khola Trail Bridge, Chapakot	IDOSYANGJA/W/TB/CTP/05/2081/082	M/S Jagadamba-Halesi JV, Kathmandu	18,490,446.51	
2	Construction of Fedikhola Paire Khatriraha Bakhre Tilswara Gramin Sadak Motorable Bridge Fedikhola-Syangja	DOSYANGJA/NCB/W/BRD/01/2081/82	M/S Rangkhola Siddhababa/ Rahul JV, Syangja	31,994,954.10	

Office Chief